# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, भदौ ९ गते २०६५ साल (संख्या २०

## भाग ५

### नेपाल सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले वन ऐन, २०४९ को दफा ७०क, ले दिएको अधिकार प्रयोग गरी खण्ड ५१, संख्या ३६, मिति २०५८।९।१६ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको प्रकरण २ पछि देहायको प्रकरण २क. थपेको छः–

"२क. प्रकरण २ मा उल्लिखित जडिबुटीबाट सारतत्व निकाली बाँकी रहेका छोक्रा (मार्क) देहाय बमोजिमका कागजात संलग्न गरी वन विभाग समक्ष निवेदन पेश गरी वन विभागबाट स्वीकृति प्राप्त भएमा विदेश निकासी गर्न सकिने छः-

क) जडिबुटी कुन जिल्लाबाट ल्याएको हो, सो जिल्ला वन कार्यालयको छोडपूर्जी संलग्न हुनु पर्ने ।

ख) छोक्रा निकासी गर्न चाहने फर्म । कम्पनी । उद्योग दर्ता भएको कागजात संलग्न हुनु पर्ने ।

ग) जुन मुलुकमा छोक्रा निकासी गर्न खोजिएको हो, सो मुलुकस्थित छोक्रा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४३

खरीद गर्ने फर्म । कम्पनी । उद्योगको बिल (इन्भ्वाइस) संलग्न हुनु पर्ने ।

घ) छोडपूर्जी प्राप्त जडिबुटीको सारतत्व कति परिमाणमा निकालियो र कहाँ निकासी भयो सम्बन्धित जिल्ला वन कार्यालयबाट प्रमाणित भएको हुनु पर्ने ।

ङ) सारतत्व निकालिएको छोक्रालाई बोरामा राखी प्रत्येक बोराबाट नमूना झिकी जिल्ला वन कार्यालयले सिलबन्दी गरी नमूनालाई वनस्पति विभागमा पठाउने ।

च) वनस्पति विभागबाट छोक्रा हो भनी परीक्षण भई आएपछि वन विभागले नियमानुसार विदेश निकासी गर्न स्वीकृति दिने ।

आज्ञाले,
धर्मराज कुईकेल
उप-सचिव (कानून)



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।०६२।६३

मुद्रण विभाग,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।